ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ७, अंक १४
३०  भदौ २०८० शनिबार
16 Sep.  2023, Saturday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## शिक्षकले नै जलाए शिक्षा विधेयक



**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, ढल्केवर**
धनुषास्थित मिथिला नगर पालिकाका शिक्षकहरुले संघीय संसदमा पेस भएको शिक्षा विधेयक जलाएका छन् । शुक्रबार ढल्केवर स्थित पार्कमा भेला भएका शिक्षकहरुले संघीय संसदमा पेस भएको शिक्षा विधेयक शिक्षकहरुको हकहितविपरित भएको भन्दै जलाएका हुन् ।

नेपाल शिक्षक संघ मिथिला नगर पालिका अध्यक्ष रामप्रसाद खरेलले संसदमा दर्ता भएको 'विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' शिक्षकहरुको पेशागत मर्यादाविरुद्ध भएकाले विरोधस्वरुप सांकेतिकरुपमा विधेयक जलाएको बताए ।

यसैगरी, मिथिला नगरपालिका नेपाल शिक्षक संगठनका अध्यक्ष रामकुमार महतोले प्रस्तावित शिक्षा विधेयक फिर्ता गर्न माग राख्दै विधेयक जलाएको जानकारी दिए ।'यो सांकेतिक आन्दोलन हो । माग पूरा नभए विद्यालय बन्द गरेर शिक्षकहरू सडकमा आउँछन् । सरकारले हाम्रो माग पुरा गर्नुपर्छ । अन्यथा विद्यालय बन्द गरेर हामी सडकमा आउन बाध्य हुनेछौं । यसको क्षति र जिम्मेवारी सरकारले लिनुपर्छ,' उनले भने ।

शिक्षा विधेयक जलाउनुअघि 'शिक्षकहरुले शिक्षा विधेयक खारेज गर, हाम्रो हकअधिकार कायम गर'जस्ता चर्को नारा लगाउँदै ढल्केवर चोकको परिक्रमा गरेका थिए ।

## मुसहर बस्तीका दुई सय बढीको क्षयरोग परीक्षण



**रवीन्द्र उप्रेती**

**भदौं २९ गते, बर्दिवास**
क्षय रोगबाट पीडित बर्दिबास १४ स्थित नमुना बस्तीका २६३ जना मुसहर समुदायको स्वास्थ्य परीक्षण गरिएको छ । काठमाडौं र जनकपुरबाट मुसहर बस्ती पुगेको उच्च स्तरीय विशेषज्ञ टोलीले अत्याधुनिक प्रविधिद्वारा क्षय रोग जाँच गरेको हो ।

राष्ट्रिय क्षय रोग केन्द्र भक्तपुरबाट मुसहर बस्ती पुगेको क्षयरोग निदान घुम्ति सेवा वसमा जडान गरिएका अत्याधुनिक मेसिनबाट २ दिन लगाएर क्षय रोग परीक्षण गरिएको थियो । प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा श्रवणकुमार मिश्रका अनुसार मुसहर बस्तीका १४४ महिला सहित २६३ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । त्यसमध्ये १८९ जनाको अत्याधुनिक मेसिनबाट एक्स-रे गरिनुका साथै १५८ जनाको खकार संकलन गरिएको छ ।

परीक्षण गरिएका १५ वर्षमुनिका ९१ बालबालिकामध्ये ६५ जनामा क्षयरोगको संकेत देखा परेको छ । उनीहरुको छालाको 'मउन्टेक्स' ( :बलतयगह) नमुना संकलन गरिएको डा मिश्रले बताउनुभयो ।

प्रदेश जनस्वास्थ्य प्रयोगशालाका ल्याव अधिकृत रोहित साह तथा बर्दिबास नगर स्वास्थ्य शाखा प्रमुख सुरेश पासवानले दिएको जानकारी अनुसार मुसहर बस्तीमा सञ्चालन गरिएको स्वास्थ्य शिविरमा ५ वर्षमुनिका १५ नाबालक, ५ देखि १४ वर्ष उमेर समूहका ८९ बालबालिका, १५ देखि ५९ वर्ष उमेरका ९१ जना र ६० वर्ष र सोभन्दा माथिका १४ जना वृद्धवृद्धा गरि २६३ जनाको क्षयरोग परीक्षण गरिएको थियो ।

मुसहर बस्ती पुग्नुभएका राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा. प्रज्वल श्रेष्ठ, प्रदेश स्वास्थ्य सचिव डा. प्रमोद यादव लगाएतको विशेषज्ञ टोलीको निर्देशन र निगरानीमा क्षयरोग परीक्षण गरिएको थियो ।

मुसहर बस्ती पुग्नुभएका स्वयं स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंहलेसमेत स्वास्थ्य शिविरको निरीक्षण गर्नुभएको थियो । प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निर्देशक डा. मिश्रले क्षयरोगको जोखिममा रहेको एकिकृत नमुना मुसहर बस्तीका सबैको निशुल्क परीक्षण गरिएको बताउनुभयो । परीक्षण रिपोर्ट आउन ७२ घण्टा बढी समय लाग्ने भएकोले त्यसपछि मात्र बस्तीको स्वास्थ्य अवस्थाबारे यकिन जानकारी हुने उहाँको भनाइ थियो ।

धुर्मुससुन्तली फाउण्डसनले निर्माण गरि दिएको सुविधासम्पन्न नमुना मुसहर बस्तीका ५२ परिवारमध्ये अधिकांशमा क्षयरोग संक्रमण देखिएको, दुई जनाको मृत्यु भएको र १० महिनादेखि २ वर्ष उमेरका ४ जनामा छातीको टीवी पुष्टि भएको तथ्याङ्क सहित गोरखापत्रले समाचार प्रकाशित गरेलगत्तै स्वास्थ्य मन्त्रालयदेखि विभागसम्मको ध्यानाकर्षण भएको हो ।




## खुल्ला छाडेको सडकको नालामा खसेर दुई वर्षीय बालकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, जनकपुर**
खुल्ला छाडेको सडकको नालामा खसेर दुई वर्षीय बालकको मृत्यु

जनकपुरधाम- जनकपुरधाममा ठेकेदारले लापरबाही खुल्ला छाडेको सडकको नालामा खसेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा जनकपुरधाम उपमहानगर पालिका २५ लोहनाको हजाम टोलका रञ्जित मुखियाका दुई वर्षीय छोरा रोहन मुखिया छन् ।

बिहानै उठेर साढे ६ बजे घर अगाडी खेलिरहेका बालक छेउको नाला (चेम्बर)मा खसेका थिए । परिवारजनले खोजविन गरेपछि मुख तल र खुट्टा मात्रै थोरै देखिएको अवस्था भेटिएको स्थानीय अम्रिता मण्डलले बताइन् । निकाल्दा बच्चाको मृत्यु भइसकेको थियो ।

स्थानीय नथुनी मण्डलका अनुसार मधेश प्रदेश सरकारको बजेटमा दुई वर्ष अघि ढलान भएको सडकमा नालाको लागि बनाइएको चेम्बरमा ढक्कन लगाइएको छैन । ठेकेदार र उपमहानगर पालिकाकालाई पटक पटक ढक्कन लगाउन आग्रह गर्दा पनि अहिलेसम्म नलगाइएको र बच्चा त्यसको सिकार भएको स्थानीयले बताए । बच्चाको मृत्युले गाउँ शोकमग्न बनेको छ ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं ।**

# १४ वर्षको उमेरमा विवाह : फिल्ममा अत्यधिक चर्चित, ३५ वर्षमा आत्महत्या, मृत्यु बन्यो रहस्य




फल्मी दुनियाँको चकाचौंध पछाडि थुप्रै कहानी लुकेका छन् । यहाँ पर्दामा हाँसिरहेको, खेलिरहेको देखिनेहरुको मनमा कति पीडा लुकेको हुन्छ, कसैलाई थाहा हुँदैन । साउथ सिनेमाको दुनियाँमा एक अभिनेत्रीले धेरै नाम कमाइन् तर उनको निजी जीवन भने निकै पीडादायी रह्यो । फिल्मी दुनियाँमा असाध्यै चर्चा कमाइन् तर वास्तविक जीवनमा उनले साँचो माया पाउन सकिनन् । चर्चा पाएपनि उनले आफ्नो जीवन लीला भने छिटै समाप्त गरिन् ।

कषपि-कष्तजबफोटो देखेपछि यहाँ कसको कुरा भइरहेको छ भनेर थाहा पाउनुभयो होला । उनी हुन् साउथकी चर्चित अभिनेत्री सिल्क स्मिता । दक्षिण भारतीय फिल्ममा उनले खुब नाम कमाइन् । उनको उपस्थिति नै फिल्म सफल हुन्छ भन्ने ग्यारेन्टी थियो । आफ्नो १७ वर्षको करियरमा उनले असाध्यै चर्चा कमाइन् तर उनको अन्त्य दुःखद रह्यो । सिल्कको जन्म २ डिसेम्बर सन् १९६० मा भएको थियो । उनको वास्तविक नाम विजयलक्ष्मी थियो । फिल्ममा आएपछि उनले सिल्क नाम पाइन् ।

सिल्कको पारिवारिक स्थिति खासै राम्रो थिएन । त्यसैले उनले सानैमा आफ्नो पढाई छोड्नुपर्‍यो । जानकारीका अनुसार सिल्क १४ वर्षको हुँदा उनको विवाह गरिएको थियो । यहाँबाट उनको जीवनको नयाँ अध्याय सुरु भयो जुन निकै पीडादायी रह्यो । घरका सदस्यको उनीप्रति व्यवहार खासै राम्रो थिएन । विवाह गरेको केही वर्षपछि उनी घर छोडेर भागिन् ।

कष्तबज्ञपारिवारिक समस्यापछि अब उनका लागि जीवन बनाउने सङ्घर्ष सुरु भयो । सिल्क आफ्नो एक आफन्तको घरमा बसेकी थिइन् । उनी एक मेकअप आर्टिस्ट थिइन् । सिल्क उनीसँगै फिल्मको सेटमा जान सुरु गरिन् र मेकअप सिकिन् । त्यसपछि उनी पनि मेकअप आर्टिस्टको रूपमा काम गर्न थालिन् । फिल्म निर्देशक एन्थोनी इस्टम्यानले उनलाई आफ्नो फिल्ममा काम गर्ने मौका दिए र यो उनका लागि कोशेढुङ्गा साबित भयो । त्यसपछि तमिल निर्देशक विनु चक्रवर्तीले उनलाई ठुलो ब्रेक दिए । त्यसपछि अभिनय, नृत्य र अङ्ग्रेजी सिक्ने व्यवस्था पनि गराए ।


कष्तबद्दसिल्कको करियर ग्राफ बिस्तारै बढ्दै थियो । साना फिल्मपछि उनी ठुला फिल्ममा देखिन थालिन् । सिल्कले तमिल, मलयालम, तेलुगु, हिन्दी सबै भाषामा काम गरिन् । उनले मोहनलालदेखि कमल हसनसम्म काम गरिन् । आफ्ना अभिनय क्षमताले सिल्कले यस्तो जादु छरिन् कि निर्माता निर्देशक आफ्नो फिल्मलाई चलाउनका लागि उनको एउटा भए पनि आइटम डान्स राख्ने गर्दथे ।

सिल्कले एकातिर निकै चर्चा कमाइरहेकी थिइन् भने अर्कोतर्फ उनी आफ्नो निजी जीवनमा खासै खुसी थिइनन् । फिल्मी दुनियाँमा हुँदा उनी प्रेम सम्बन्धमा पनि परिन् तर त्यो प्रेम कहिल्यै पूरा हुन सकेन । उनले एक डाक्टरसँग दोस्रो विवाह गरेको बताइन्छ तर उनले सिल्कको कमाई फिल्म निर्माणमा लगाएको र लगानी डुबेको जानकारीमा उल्लेख छ । सिल्क निजी जीवनमा निकै तनावमा हुन थालेकी थिइन् । सिल्कले आफ्नी एक साथीलाई आत्महत्या गर्नु एक दिन अघि बोलाएकी थिइन् तर उनी सिल्क भए ठाउँ पुग्दा सबै कुरा समाप्त भइसकेको थियो । २३ सेप्टेम्बर सन् १९९६ मा सिल्कले आत्महत्या गरिन् । उनको निधन भएको केही महिनापछि उनको शरीरमा अत्यधिक रक्सी भेटिएको जानकारी दिइयो ।

घटनास्थलबाट प्रहरीले एउटा सुसाइड नोट पनि पाएका थिए जसलाई बुझ्न नसकिएको बताइन्छ । त्यसैले उनको मृत्यु आजसम्म पनि रहस्य नै छ ।

कषपि कष्तब३५ वर्षभन्दा कम उमेरमा सिल्कले आत्महत्या गरेकी थिइन् । सिल्कले सबै कुरा पाइन् तर उनले चाहेको माया कहिल्यै पाइनन् । सिल्कको जीवनमा २ डिसेम्बर सन् २०११ मा मिलन लुथारियाले फिल्म ‘डर्टी पिक्चर’ ल्याए । फिल्ममा विद्या बालनले सिल्कको भूमिका निभाएकी थिइन् । फिल्मलाई दर्शकले असाध्यै मन पराए र १८ करोडमा बनेको फिल्मले ११५ करोडभन्दा बढीको व्यापार गरेको थियो । ५९ औँ नेशनल अवार्डमा फिल्मका लागि विद्या बालनले उत्कृष्ट नायिकाको अवार्ड पाएकी थिइन् ।

# ‘नाङ्गो गाउँ’को सुखद सुरुवात



काठमाडौँ । आज शुक्रबारदेखि देशभरका हलमा प्रदर्शनमा आएको फिल्म ‘नाङ्गो गाउँ’ले सुरुवाती व्यवसाय राम्रो गरेको छ । आज बिहानैदेखि फिल्ममा दर्शकको चाप राम्रो रहेको छ । मल्टिप्लेक्सहरुमा समेत आज फिल्मले राम्रो व्यवसाय गरेको छ ।

दर्शकको चाप सुखद देखेपछि यसको निर्माणपक्ष उत्साहित देखिएको छ । फिल्मले आज पहिलो दिन ओपनिङ व्यवसाय राम्रो गरेको निर्माता हिमाल शर्माले बताए । ‘फिल्मलाई दर्शकले पनि राम्रो भनेका छन् । फिल्मको व्यवसाय र दर्शक प्रतिक्रियाबाट म उत्साहित छु’, शर्माले दंग हुँदै भने, ‘आजको व्यवसायले भोलि सार्वजनिक बिदामा झन् राम्रो हुने अनुमान गर्न सकिन्छ ।’गर्ने संकेत दिएको छ ।

दीपेन्द्र लामाको लेखन तथा निर्देशन रहेको फिल्ममा दयाहाङ राई, मिरुना मगर, शिशिर वाङ्देल, साम्राज्ञी राज्यलक्ष्मी शाह, कर्मा, विशाल पहारी, बुद्धि तामाङ, रविन्द्र झा लगायतका कलाकारको अभिनय छ । फिल्म हेरेर फर्किएका दर्शकले गज्जब भनेपछि यसका निर्देशक दीपेन्द्र लामाले खुसी व्यक्त गरे ।

# फिल्म ‘चित्रा‘ को छायांकन सुरु



काठमाडौँ । घनश्याम लामिछानेको निर्देशन रहने फिल्म ‘चित्रा’को छायाँकन सुरु भएको छ । शुक्रबारदेखि फिल्मको छायांकन पोखरामा सुरु भएको निर्माता सन्तोष अधिकारीले जानकारी दिए ।

सन्तोष अधिकारी फिल्मस्को ब्यानर तथा अस्याप इन्टरटेनमेन्ट नेपाल र अस्ट्रेलियाको निर्माण रहने फिल्ममा आगामी पुस २७ गते रिलिज हुनेछ ।फिल्ममा सन्तोष अधिकारी, अर्पण थापा, प्रमोद अग्रहरी, मेनुका प्रधान, शुभेच्छा खड्का, सिम्रन खड्का, आयुशी ढकाल, कपिल शर्मा, कुमार गुरुङ, श्यामसुन्दर कार्की, गीता थापा, उज्ज्वल ढकाल, दिपेश गजुरेल र प्रकाश घिमिरेको अभिनय रहनेछ । जागिरबाट रिटायर्ड बाबु र छोरीको कथालाई प्रस्तुत गर्ने फिल्म पोखरापछि घाचोकमा छायांकन हुनेछ । आशिष् थापा मगर निर्माता र सन्तोष अधिकारी कार्यकारी निर्माता रहने ‘चित्रा’ फिल्ममा अजय अधिकारीको कथा, मनिष गौतमको पटकथा तथा संवाद छ । प्रवीण सिंहको नृत्य, सम्राट बस्नेतको द्वन्द्व, महेश पौडेलको छायांकन फिल्ममा रहनेछ ।

# एलोभेरा मानसिक तनावको लागि रामबाण उपाय



एलोभेरा एउटा यस्तो बिरुवा हो जसले मानिसलाई मानसिक तनावबाट राहत दिन्छ। एलोभेरा बोटमा सयौं औषधीय फाइदाहरू छन्। यदि तपाइँ दैनिक रूपमा एलोभेराको सेवन गर्नुहुन्छ भने तपाइँलाई डाक्टरकहाँ जानु पर्दैन। एलोभेरामा एन्टिबायोटिक गुणहरू पाइन्छ, यसको सेवनले छालामा पनि सुधार ल्याउँछ। यस कारण, एलोभेरा धेरै कस्मेटिक वस्तुहरू बनाउन पनि प्रयोग गरिन्छ।

एलोभेरा एक रसदार र काँडे बिरुवा हो। यो धेरै प्रजातिहरूमा अवस्थित छ। एलोभेरा बिरुवामा बाक्लो पातहरू हुन्छन् र यी पातहरूले पानी भण्डार गर्दछ। यी पातहरूमा दुई प्रकारका औषधीय तत्वहरू हुन्छन्। पहिलो जेल, यसमा पानीको मात्रा धेरै हुन्छ। यो एक टाँसिने पदार्थ जस्तै छ। जुन अन्य धेरै पोषक तत्वहरूसँग मिसिएको हुन्छ।

दोस्रो रस, यो रस मा औषधीय गुण पाइन्छ। एलोवेरा जेल यसको कच्चा रूपमा प्रयोग गरिन्छ र सीधा छालामा लागू हुन्छ। एलोवेरा जेल छालाको लागि धेरै लाभदायक हुन सक्छ। सनबर्न, कीराको टोकाइ, दाग, काट्ने र घाउहरूमा मद्दत गर्न सक्छ। यो एन्टिफंगल, एन्टिब्याक्टेरियल हो र कोशिकाहरूको पुनरुत्थानमा मद्दत गर्दछ।

**तरकारी एलोभेराबाट बनाइन्छ**

एलोभेरा बिरुवा प्रायः ग्रामीण क्षेत्रमा पाइन्छ। एलोभेरा बिरुवालाई धेरै पानीको आवश्यकता पर्दैन, जसका कारण यसलाई एक पटक रोपेपछि यो बिस्तारै बढ्छ। एलोभेरा तरकारी पनि बनाइन्छ। एलोभेराको तरकारी बनाउनुअघि एलोभेराका पातहरू काटेर छेक्ने गरिन्छ। छिलकेपछि त्यसमा बेसार लगाउने गरिन्छ जसले गर्दा औषधीय गुण बढी हुन्छ र तितोपन अलिकति कम हुन्छ । एलोभेरा तरकारी धेरै स्वादिष्ट र लाभदायक छ। केर र सांगरी पछि, राजस्थानको ग्रामीण इलाकामा महिलाहरूले तयार पारेको सबैभन्दा लोकप्रिय तरकारी एलोवेरा हो।

**मानिसहरु एलोभेराको जुस पनि पिउन थालेका छन्**

एलोभेरामा मात्र सयौं औषधीय फाइदाहरू छन्। अहिले मानिसहरुले यसलाई जुसको रुपमा पनि प्रयोग गर्न थालेका छन् । बिहानै घुम्न जाने युवा, महिला र वृद्धवृद्धाले पनि एलोभेराको जुस पिउन थालेका छन् । बिहान सबेरै जुस बिक्रेताले स्टल राखेर एलोभेराको जुस दिन्छन्। एलोभेरा जुस मेकरले यस्तो तरिकाले जुस बनाउँछ कि मानिसहरूलाई त्यो धेरै तितो लाग्दैन। यस जुसमा पुदिना जस्ता धेरै अन्य औषधीय तत्वहरू पनि मिसाइन्छ जसले शरीरलाई थप फाइदा पुर्‍याउँछ। बदलिँदो समयमा मानिसहरुले एलोभेराको जुस बढी पिउन थालेका छन् । डाक्टरहरुले पनि पिउन भन्छन् ।

**एलोभेराले मानसिक तनावबाट राहत दिन्छ**

एलोभेराका सयौं फाइदाहरू छन्। तर अहिलेको युगमा कस्मेटिक सामान र औषधि बनाउन एलोभेराको प्रयोग गरिन्छ । मानसिक तनाव हटाउन मेकअप उत्पादन र औषधिहरू एलोभेराबाट बनाइन्छ। एलोभेरामा धेरै औषधीय गुणहरू छन् जसले मानसिक तनाव कम गर्न मद्दत गर्दछ र शरीरलाई शीतल राख्न मद्दत गर्दछ। त्यसैले डाक्टरहरूले बिरामीहरूलाई एलोभेराको जुस पिउन भन्छन्।

बालबालिकाहरुलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

**मठिहानी नगरपालिका कार्यालय**
महोत्तरी

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**बटेश्वर गाउँपालिका कार्यालय, धनुषा**

# ५९ औं राष्ट्रिय बाल दिवस २०८०

## बर्दिवासमा नृत्य तथा वादविवाद प्रतियोगिता




**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, बर्दिवास**
महोत्तरीको बर्दिवास नगरपालिका वडा न .५ मा नृत्य तथा वादविवाद प्रतियोगिताको आयोजना गरि ५९ औं बाल दिवस 'बालबालिकामा लगानी सुनिश्चित भबिस्यको थालनी' नाराका साथ मनाइएको छ।

बर्दिबास नगरपालिका वडा न .५ कार्यालयको आर्थिक सहयोग आयोजनामा उक्त प्रतियोगिताको आयोजना गरिएको हो ।

बर्दिबास ५ का वडा अध्यक्ष काहार मान स्याङ्बाको सभापतित्वमा मधेस प्रदेश सदस्य मा शारदादेबि थापाको प्रमुख आतिथ्यता तथा बर्दिबास नगरपालिका नगर प्रमुख प्रल्हाद कुमार क्षेत्रीको बिशिस्ट आतिथ्यतामा सम्पन्न प्रतियोगितामा वडा भरीका बिद्यालयका छात्रछात्राहरुले भाग लिएका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य वडा बाल अधिकार समिति सदस्य जुनु कुमारी भुजेलले दिनु भएको थियो भने कार्यक्रम संचालन ओम गोदार थापाले गर्नु भएको थियो ।

निर्णायक समितिमा रमा शर्मा ढकाल ,गोबिन्द श्रेष्ठ र सरोज गजमेर रहनु भएको थियो नृत्यमा पंञ्चधुरा मा बि छात्रा स्वस्तिका वाइवा प्रथम , द्बितिय इच्छेश्वोर मा बि करुणा शास्त्री र टुटेश्वर नाथ मा बि तृतीय आस्मा योन्जन भएका छन् भने वादबिवादमा टुटेश्वर माबि का सुशान्त पौडेल प्रथम, इच्छेश्वोर मा बि आयुशा घिमिरे दोस्रो, र सेम नेपाल रा मा बि अमृत ग्रान्जा माबिका तृतीय भएका छन् ।

वडा स्तरीय नृत्य तथा वादविवाद प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो ,सान्त्वना हुनेलाई मेडल तथा पुरस्कर प्रदान गरेको निर्णायक समिति सदस्य सरोज गजमेरले जानकारी दिनु भयो ।

सो अवसरमा ,नगर प्रमुख क्षेत्रीले बालबालिकाको हक अधिकार सुनिश्चित ,बाल श्रम ,बाल बिवाह अन्त गर्न योजना सहित नगर अधि बढी रहेको बाल दिवसको शुभकामना दिनु भयो ,,मधेस प्रदेश सदस्य मा शारदा देबि थापाले पनि बाल अधिकारको लागि सबैको पहल हुनुपर्ने ,हरेक बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्नुपर्ने ,बालबालिकाम अहिले लगानी गरे मात्रै भबिस्य सुनिश्चित हुने भन्नुभयो , वडा अध्यक्ष काहरमान स्याङ्वाले बालबालिकाहरुको हकहित, संरक्षण तथा संवर्द्धन गर्नका लागि तीनै तहका सरकार, अभिभावक, विद्यालय र समग्र समाजको भूमिका अपरिहार्य भएको बताए ।

आगामी दिन वडा,नगरपालिका तथा अन्य संघ संस्थाले पनि बालबालिकाको अन्तर्निहित क्षमताको बिकास हुने कार्यक्रम गर्नु पर्ने बताउनु भयो आगामी दिनमा पनि वडा कार्यालयले यस्तो कार्यक्रम निरंतरता दिने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

## हाजिरी जवाफ प्रतियोगिता तथा प्रभात फेरी



**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, ढल्केवर**
धनुषाको ढल्केवरमा ५९ औं राष्ट्रिय बाल दिवसको अवसरमा नगरस्तरीय माध्यमि विद्यालय हाजरी जवाफ प्रतियोगिता भएको छ ।

शुक्रबार ढल्केवरस्थित महेन्द्र माध्यमिक विद्यालयको प्राङ्गणमा मिथिला नगर बाल सञ्जालको आयोजना तथा मिथिला नगर पालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा, अनौपचारिक सेवा केन्द्र इन्सेक मधेश प्रदेश र टिपिओ नेपालको सहयोगमा हाजिरी जवाफ प्रतियोगिता भएको हो ।

प्रतियोगितामा जनता माध्यमिक विद्यालय प्रथम भएका छन् भने महेन्द्र माध्यमिक विद्यालय दोस्रो, न्यू होराइजन इङ्गलिस बोर्डिङ्ग स्कूल तेस्रो र चिल्ड्रेन गार्डेन इङ्गलिस बोर्डिङ्ग स्कूलले सान्त्वना पुरस्कार प्राप्त गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि मिथिला नगरपालिका का नगर प्रमुख महेन्द्र महतोले यस खाले प्रतियोगिताले विधार्थीहरुको सर्वाङ्गीण विकासमा सहयोग पुग्ने र विधार्थीहरको शिक्षा क्षेत्रमा क्षमता अभिवृद्धि हुने बताए । उनले पछि काम पाउन र काम गर्नलाई सहज हुने जानकारी दिए ।

प्रतियोगिताका विजेताहरुलाई मिथिला नगरपालिकाका नगर उपप्रमुख सुनिता सिंह बुढाथोकी, वडाध्यक्ष रामबहादुर स्याङ्दन, प्रधानाध्यापक रामकुमार महतोलगायतका अतिथिले पुरस्कार प्रदान गरेका थिए ।

पुरस्कार प्रदान गर्दै उपप्रमुख बुढाथोकीले हाजिरी जवाफ प्रतियोगिताको आयोजनाले बालबालिका तथा विद्यार्थीको बौद्धिक विकासमा टेवा पुग्ने बताइन् ।प्रतियोगितामा सार्वजनिक, सनफ्लावर, विनायक, श्रीमावि र आर्दश माध्यमि विद्यालय गरी नौवटा विद्यालयको सहभागिता रहेको थियो ।

प्रभात फेरी

यसैगरी, बाल दिवसको अवसरमा धनुषाको ढल्केवरमा चिल्ड्रेन गार्डेन इङ्गलिस बोर्डिङ्ग स्कूलका विद्यार्थीले प्रभात फेरी कार्यक्रम गरेका छन् ।

विद्यार्थीले 'बालबालिकामा लगानी, सुनिश्चित भविष्यको थालनी' नारा लेखिएका ब्यानर बोकेर ढल्केवर चोकको परिक्रमा गरेका थिए ।

## महेन्द्रनगरबाट भारी मात्रामा लागु औषध गाजा सहित दुईजना पक्राउ



**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, महेन्द्रनगर**
धनुषाको महेन्द्रनगरबाट भारी मात्रामा लागु औषध गाजा सहित दुईजना पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार विहिवार साँझ प्रदेश २-०२-००१ प ०६२४ नम्बरको त्ख्व कम्पनीको क्त्थ्श्च मोटरसाईकलमा गाजा लुकाई छिपाई ढल्केवरबाट जनकपुर तर्फ लगी रहेको भन्ने बिषेश सुचनाको आधारमा क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५ महेन्द्रनगरमा इलाका प्रहरी कार्यालय महेन्द्रनगरका ईन्चार्ज इन्स्पेक्टर दिपक कार्की नेतृत्वका टोली चेकजाँच गर्दा लागु औषध गाजा फेला परेपछि मोसामा सबार दुईजनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा क्षिरेश्वरनाथ नगर पालिका वडा नं. ७ बस्ने ५० वर्षीय राज कुमार महतो र वडा नं. ५ बस्ने ३५ वर्षीय मनोज कुमार पण्डित रहेको इन्स्पेक्टर कार्कीले बताए ।

उनिहरुबाट झोला भित्र सेतो बोरामा बेरिएको अवस्थामा प्रतिबन्धीत लागु औषध करिब ९ के.जी बरामद गरीएको छ ।

बरामद गरिएको लागु औषध गाँजा र मोटर साइकल समेत दुवै जनालाई ई.प्र.का. महेन्द्रनगरको हिरासतमा राखी शुक्रवार धनुषा जिल्ला अदालतबाट लागु औषध मुद्दा शिर्षमा १० दिनको म्याद लिई थप अनुसन्धान कार्य भई रहेको इन्स्पेक्टर कार्कीले बताए ।

**बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।**

## संवाद फाउण्डेशनले हेल्थ क्याम्प गरेर मनायो राष्ट्रिय बालदिवस




**दिवेशकुमार महतो**

**भदौं २९ गते, ढल्केवर**
संवाद फाउण्डेशन धनुषा जिल्ला कार्यसमितिले हेल्थ क्याम्प स्वास्थ्य शिविर गरेर राष्ट्रिय बाल दिवस -२०८० भव्यताको साथ मनाइएको छ।

बालबालिका मा लगानीः सुनिश्चित भविष्यको थलानी मुल नाराका साथ ५९औं राष्ट्रिय बाल दिवसको अवसरमा संवाद फाउण्डेशन धनुषा जिल्ला कार्यसमितिले सदगुरु कविर बाल वात्सल्य आश्रम जनकपुरधाम मा रहेका बालबालिकाहरुलाई मध्यनजर गर्दै आश्रममै पुगेर हेल्थ क्याम्प गरी स्वास्थ्य शिविर सञ्चालन गरेका थिए। शिविरमा दाँत र आँखा को चेकजाँच गरी उनीहरुको रिपोर्ट तयार पारी सेवा प्रदान गरेका थिए। शिविरमा दर्शन डेन्टल केयर जनकपुरधामका डा. उदय यादव (दृष्टि विशेषज्ञ) ,डा. मौसम यादव ( बिडिएस ) द्वारा सेवा प्रदान गरिएको कुरा संवाद फाउण्डेशनका धनुषा जिल्ला कार्यसमितिले जनाएको छ।

हेल्थ क्याम्प स्वास्थ्य शिविर मा सदगुरु कविर बाल वात्सल्य आश्रम जनकपुरधामका संस्थापक बाबा आलोकले संवाद फाउण्डेशनको टिमलाई धेरै धेरै धन्यवाद व्यक्त गरेका थिए भने तिनीहरूको काम अरु भन्दा भिन्न रहेको र यसले गर्दा प्रत्यक्ष रुपमा बालबालिका, विधार्थीहरुलाई फाइदा पुगेको कुरा व्यक्त गर्नुभएको थियो। हेल्थ चेकअप कार्यक्रममा संवाद फाउण्डेशनका केन्द्रीय सह - संयोजक सुधाकर झा, संवाद फाउण्डेशनका क्षेत्रिय संयोजक नविन साह, सहसंयोजक सुजित कापरी, सचिव मनिष ठाकुर,संवाद फाउण्डेशन धनुषा समिति का समुन कुमार राय,आसन यादव , आदित्य साह ,धिरज मण्डल,रामकेवल राय लगायतको उपस्थिति रहेको थियो।

## मधेस प्रदेश: पत्रकार महासंघ जिल्ला अध्यक्षद्वारा जारी विज्ञप्तीको चौतर्फी विरोध

**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, महेन्द्रनगर**

मधेस प्रदेश अन्तर्गत नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्षहरुले संयुक्त रुपमा निकालेको विज्ञप्तीको चौतर्फी विरोध हुन थालेको छ । केहि दिन अगाडि जनकपुरधाममा बसेको भनिएको आठवटै जिल्लाका अध्यक्ष मध्ये अनुपस्थित एक जिल्ला अध्यक्षको किर्ते हस्ताक्षर गरिएको खवर नसेलाउदै नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपाल मधेश प्रदेश समितिले शुक्रवार विज्ञप्ती जारी गर्दै विज्ञप्ती प्रति गम्भिर ध्यानाकर्षण भएको उल्लेख गरेको छ ।

जिल्ला भन्दा माथिल्लो निकायहरु निर्णय र समाधानका लागि रहेको अवस्थामा आफु अनुकुल सदस्यता नविकरण र वितरण नभएको भन्दै आन्दोलनको धम्की अशोभनिय रहेको दुवै विज्ञप्तीमा उल्लेख छ । चौतारीले धम्कीपुर्ण विज्ञप्ती रहेको आरोप लगाएको छ भने युनियनले संघिय संरचनालाई अस्वीकार गरिएको आरोप लगाएको छ ।

युनियनले सदस्यता नविकरण र नयाँ वितरणमा हरेक जिल्लाबाट फरक फरक सिफारिस जानुले पनि अध्यक्षहरुको नियत र असफलता प्रष्ट भएको भन्दै विभिन्न वाहाना बनाएर सक्रियता पुर्वक कान गर्ने पत्रकारहरुको सदस्यता खोस्ने काम भएको भन्दै आन्दोलनको चेतावनी दिएको छ भने चौतरीले सुद्विकरणको नाममा अध्यक्षहरुले आफु अनुकुल नरहेको सक्रिय पत्रकारहरु माथी जाय लाग्ने गरि सदस्यताबाट बञ्चित गर्ने काम गरेको र नयाँ सदस्यताको हकमा आफन्तवादले चरम सिमा नाघेको आरोप लगाएको छ ।

दुवै संगठनका महासचिवद्वय क्रमश अजय कुमार साह र गौतम श्रेष्ठद्वारा जारी विज्ञप्तीमा सक्रिय पत्रकारलाई कुनै पनि वाहानामा सदस्यताबाट बञ्चित गर्न नहुने भन्दै आन्दोलनको चेतावनी समेत दिइएको छ । यस्का साथै सोहि विज्ञप्तीको विरोधमा मधेशका आठवटै जिल्ला स्थित विभिन्न अन्य संघसंगठनहरु जस्तै प्रेस मञ्च, प्रेस सेन्टर नेपाल, मधेशी पत्रकार समाज, प्रेस नेपाल सहितकाले समेत विरोधमा विज्ञप्ती जारी गरि सकेको छ ।

## पन्नी (प्लास्टिक) प्रयोगमा कमि ल्याउन कायापलटद्वारा 'गुट्की' अवतारको डस्टविन सार्वजनिक



**खबर दर्पण समाचारदाता**

**भदौं २९ गते, महेन्द्रनगर**

जनकपुरधाम स्थित युवाहरुले नेतृत्व गरेको संस्था कायापलटले प्लास्टिक झोला निषेध तथा अन्त्य गर्नका लागि जनचेतना अभिवृद्धि गराउने उद्देश्यले गुट्की नामक रावण अवतार स्वरुप रहेको डस्टबिनको उद्धाटन गरेको छ ।

५९ औं बाल दिवसको अवसरमा आयोजित बालबालिकासंग अन्तर क्रिया कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका वडा नं १० का वडा अध्यक्ष मिथिलेश कुमार कर्ण द्वारा उद्धाटन गरेको हो ।

श्री सीताराम राष्ट्रिय प्रा.विमा वडा कार्यालयद्वारा आयोजित तथा कायापलट तथा एकीकृत बाल क्लबको सहकार्यमा भएको कार्यक्रममा बालबालिकाको अधिकारसँगै स्वच्छ वातावरण निर्माण गर्न तथा प्लास्टिक हानीबारे पनि जनचेतना जगाउन उद्धाटन गरेको कायापलटका संस्थापक दिवाकर उप्रेतीले बताए ।

मानिस तथा वालवालिकामा चेतना अभिवृद्धि गराउन तथा प्लास्टिक झोला प्रयोगमा कमि ल्याउन पन्नी मुक्त अभियान अन्तर्गत सुरुवात भएको उप्रेतीले बताए । उनका अनुसार मानिसलाई प्लास्टिक झोला प्रयोग नगर्ने बानी बसाल्न अभियानले सहयोग पुग्ने विश्वास लिइएको छ।

उनले यस्ता खालको रावण अवतारका डस्टविन अभियानसँगै डुल्ने तथा गुट्की जस्तै अन्य अवतारमा समेत निर्माण भैरहेको जानकारी दिएका छन् । उनले गुट्खाका खोलले वातावरण थप प्रदूषण बढाएकाले सैतान सिपाही अर्थात रावण अवतारको डस्टविनलाई गुट्की नाम राखेको जानकारी दिए ।

गुट्कीलाई उद्धाटन पछि वडा अध्यक्ष कर्णले बालबालिकासँग सम्वाद गर्दै प्लास्टिक झोला प्रयोग गरे गुट्की घर घरमा आउने वताए । उनले बालबालिकालाई प्लास्टिक झोला प्रयोग नगर्ने तथा घरका परिवारमा समेत झोला प्रयोग गर्ननहुने बारे जानकारी प्रदान गर्ने दायित्व आत्मसाथ गर्न सुझाएका थिए।

कार्यक्रममा एकीकृत बाल क्लबका सदस्यहरू, कायापलटका सदस्यहरु तथा वडाका बालबालिका हरुको उपस्थित रहेको थियो । त्यस्तै कार्यक्रममा वडा सदस्य तथा अभियन्ताको समेत उपस्थिति रहेको थियो। त्यो संगै वडाले यस्तो रावण अवतारका डस्टविनले मानिसलाई थप सचेत गर्ने समेत विश्वास लिएको बताएका छन्।

## महोत्तरीमा पोखरीमा डुबेर ४ वर्षीय बालकको मृत्यु

**महोत्तरी** / महोत्तरीको जलेश्वरमा पोखरीमा डुबेर चार वर्षीय बालकको मृत्यु भएको छ।

जलेश्वर नगरपालिका ८ बजराहीका पंकज ठाकुरका छोरा चार वर्षीय प्रियराजको शुक्रबार पोखरीमा डुबेर मृत्यु भएको हो।

आफ्नै घरअगाडि खेल्दै गरेका बालक एकाएक हराएपछि खोजी गर्ने क्रममा पोखरीमा मृत फेला परेका जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी डिएसपी दिलीप कुमार गिरीले जानकारी दिए।

## अस्तव्यस्त पार्किङले कुरूप बन्दै औरही बजार



**धर्वेन्द्रकुमार यादव यदुवंशी**

**भदौं २९ गते, औरही, महोत्तरी**

महोत्तरीको औरही बजारमा जथाभावी पार्किङले बजार अस्तव्यस्त बनेको छ । बढ्दो सहरीकरणसँगै बढ्दो सवारी साधन, साँघुरा सडक अनि सडकमा गुड्ने ठूला सवारीहरूका लागि बजारमा कुनै पार्किङस्थल नहुँदा जथाभावी र अव्यवस्थित पार्किङ हुने गरेका छन् ।

अव्यवस्थित पार्किङले बजारका सडकहरू झनै साँघुरो र अस्तव्यस्त बनाएको त छ नै, व्यवसायीहरूले पनि उत्तिकै सास्ती खेप्नु पर्ने बाध्यता रहेको छ । यसले बजार क्षेत्र कुरूप देखिएको छ भने व्यापार, व्यवसायमा पनि घाटा भएको व्यवसायी बताउँछन् ।

'पसल अगाडि थुप्रै टेम्पु,म्याजिक,टिफर,मोटरसाइकल देखि जथाभावी सवारी पार्किङ गर्छन्,' औरही बजारमा रहेको जनक नन्दनी दुध डेरीका संचालक नागेन्द्र कुशवाहा भन्छन्- 'सवारीको भिडले ग्राहक आउनेसम्म बाटो हुँदैन । पार्किङ नगर्नुस् भनेर बारम्बार भन्छौं तर थोरैले मान्छन् धेरैले मान्दैनन् ।' पसल अगाडि जथाभावी सवारीहरू पार्किङ गर्दा पसलका लागि आवश्यक साम्रगी आयात निर्यात गर्ने कठिनाइ हुने उनले बताए । त्यसबाहेक ग्राहक आउने बाटो नै नराख्ने सवारीहरू तेर्साउँदा व्यवसायमा समेत असर पुग्ने उनको भनाइ छ।

लिला आयरण स्टोरका संचालक बिनय यादव पनि गुनासो यस्तै छ । पसल अगाडि जथाभावी सवारी पार्किङ गर्छन' उनले भने- 'दैनिकीमात्र यस हार्डवेयरमा रड,सिमेन्ट लगाएत अन्य वस्तुहरु किन्न आउने ग्राहकहरूलाई पसलसम्म आइपुग्ने बाटो हुँदैन।' पार्किङको समस्या अहिले मात्रै नभएर वर्षौंदेखि रहेको उनले बताए । त्यसरी ग्राहक आउनेसम्म बाटै नहुने भएपछि ग्राहाकहरू सामान किन्न अन्यत्र समेत जाने गरेको उनले गुनासो गरे । बढ्दो सवारी चापसँगै अव्यवस्थित पार्किङका कारण औरही बजार अस्तव्यस्त बनिरहेको हो ।

मुल सडक नै साँघुरो बनाएर बाटोमै गाडी-बाइक पार्किङ गर्नुपर्ने अवस्था छ । अझ त्यति गर्दा पनि पार्किङको समस्या ज्यूँका त्यूँ देखिन्छ । बढ्दो सवारी साधनसँगै पार्किङ व्यवस्थापन गर्ने नसक्दा व्यापारीमात्रै नभएर ग्राहकहरूलाई समेत आवश्यक खरिद गर्ने पसलसम्म पुग्न समस्या हुने गरेको छ ।

'मोटरसाइकल र ठूला गाडी पसल आगाडि हुन्छ' किनमेलका लागि आएकी घनश्याम यादवले भने - 'कहिले त पसलसम्म पुग्ने बाटो नै हुँदैन । त्यसैले अन्यत्र भिड नभएको पसलमा जाने गर्छु ।' जथाभावी पार्किङको समस्या अन्य ठाउँभन्दा विषेश त बजार क्षेत्रमा व्यापार, व्यवसाय गर्ने व्यवसायी, ग्राहक र सर्वसाधारणले बढी समस्या खेप्नुपर्ने बाध्यता छ ।

'व्यवस्थित पार्किङ गर्ने ठाउँ सबै स्थानमा छैन' मोटरसाइकल चालक रामबाबु साहले भने, 'भएका ठाउँ सबै उपयुक्त छैनन्' नगरपालिकाले सवारी पार्किङ व्यवस्थापन गर्न नसक्दा समस्या भएको उनी बताउँछन् । पहिले पार्किङ व्यवस्थित गरेर जरिवाना गरे राम्रो हुने उनको भनाइ छ ।

नगरपालिकाले प्रहरी परिचालन गरेर फुटपाथ एवं जथाभावी पार्किङ गर्ने सवारी साधनलाई कारबाही गरेको छैन । चालक नभेटिए सडकबाटै उठाउने र भेटिएमा चिट काटेर जरिवाना स्वरूप पाँच सय, हजार बुझाउनेबाहेक नगरपालिकाले फुटपाथ पार्किङ नियन्त्रणमा कुनै ठोस अभियान चालेको छैन ।

स्थानीय सरकारले बजारमा जथाभावी सवारी पार्किङको समस्या समाधानको लागि दिर्घकालिन योजना बनाउँन नसक्नु चुनौतीको विषय बनेको स्थानीयहरुले बताए । 'औरही नगरपालिकालाई पार्किङको लागि छुट्टै क्षेत्रको व्यवस्थापन गर्न आग्रह गरिरहेका छौं', उनले भने, 'तर बजारमा बजार नजिकै पार्किङका लागि छुट्याउने पर्याप्त स्थान नभएको बताउँदै समस्या समाधानमा चासो दिएको जस्तो लाग्दैन ।

यो औरही बजार मात्र हैन समग्र जिल्लाको पुरानै समस्या हो, हामीले लागेर मात्र नगरको ट्राफिक व्यवस्थापन हुने होइन स्थानिय सरकारले पनि भूमिका निभाउनु पर्‍यो ।'

नगरको ट्राफिक व्यवस्थापन फितलो हुँदा दुर्घटनाको जोखिम उत्तिकै बढेको छ । अटो र मोटर साइकल त दैनिकजस्तो दुर्घटना भइरहेको प्रहरीको भनाइ छ । औरही नगरका नगरप्रमुख प्रदिप कुमार खड्काले ट्राफिक व्यवस्थापन लागि निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्ने बताए । औरहीको प्रमुख समस्या व्यवस्थित पार्किङ भएको हुँदा अब छिटै सार्वजनिक सूचना निकालेर निजी क्षेत्रलाई आह्वान गर्ने बताए ।

'बजार क्षेत्रमा यो पार्किङको समस्या पहिलैदेखि कै हो । यस विषयमा हामी निकै चिन्तित छौं', उनले भने, स्थानीय सरकारको एकल प्रयासले मात्र यो समस्या समाधान हुँदैन् । यो एउटा व्यवसाय जस्तै भएकाले पनि निजी क्षेत्रसँगको सहकार्यविना यो सम्भव छैन् ।

सहरी क्षेत्रभित्र निजी क्षेत्र, खाली जग्गा, ऐलानी, सिचाइँ बन्द भएका कुलोहरू वा फराकिलो सडकका किनारहरू खोजी गरी साना सवारी साधनको पार्किङ व्यवस्था गर्ने उनको भनाइ छ । 'हाम्रो नजरमा औरही बजार चौक आसपासका खाली ठाउँमा पार्किङ व्यवस्थापन गर्न सकिन्छ भन्ने लागेको छ' उनले विगतदेखि नै उचित समाधानको प्रयास गरि रहेका भएपनि सफल नभएको स्विकारे । यसवर्ष भित्रमा यो समस्या दीर्घकालिन रूपमा समाधान गर्ने उनको प्रतिवद्धता छ ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**लक्ष्मीनिया गाउँपालिका**

**धनुषा**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा